बागमती प्रदेश सरकार

खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय

# जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, नुवाकोट

प.सं.२०८२/०८३ मितिः २०८३/०३/१०

च.नं. १२६२

## विषयः यथाशिघ्र भुक्तानी माग गर्ने सम्बन्धमा

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (७) मा प्रदेश तथा स्थानीय तहको विनियोजन ऐनले फ्रिज नहुने भनि तोकेका बाहेक अन्य बजेट शीर्षक अन्तरगत भुक्तानि दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाडी भुक्तानि दिई लेखा अध्यावधिक गरि भुक्तानि निकासा बन्द गर्नुपर्ने व्यवस्था भएकाले चालु आ.व.मा २०८३असार २५ गते सम्ममात्र सरकारी कारोबार हुने र भुक्तानी निकासा दिइ लेखा अद्यावधिक गरि निकासा बन्द गर्नुपर्ने भएकाले, प्रदेश तथा स्थानीय तहहरुमा आर्थिक वर्षको अन्त्यमा भुक्तानीमा पर्नजाने अत्याधिक चापका कारण, सरकारी कारोबार हुने प्रणाली IPFMS मा अवरोध उत्पन्न भई, प्रणाली सूचारु रुपमा संचालनमा नआउने, सर्भर डाउन हुने, यावत समस्याका कारण भुक्तानी बाँकी रहन सक्ने भएकाले २०८३/०३/१५ गते भित्र भुक्तानीको लागी तोकादेश सहित आवश्यक सम्पूर्ण बिल भर्पाई/ कागजात राखी फाइल दर्ता गर्नुहुन अनुरोध छ ।

सो समयसिमा भन्दा पछी भुक्तानीको लागी पेश भएका फाइल उपर कार्वाही हुँदा आ.प्र.शाखाको दर्ता नं.अनुसार प्राथमिकताका आधारमा भुक्तानी हुने र प्रणालिमा आउने अवरोधले भुक्तानी हुन नसकेमा कार्यालय जिम्मेवार नहुने तथा आगामी आर्थिक वर्षमा दायित्व समेत सृजना नहुने व्यहोरा सम्बन्धीत सबैमा जानकारी गराइन्छ ।

.............................
आर्थिक प्रशासन शाखा प्रमुख
शिव प्रसाद पोखरेल
लेखापाल

.............................
कार्यालय प्रमुख
अमृत कुमार दाहाल
सि. डि. इ.

Email : wreidd.nuwakot@gmail.com सम्पर्क नं.०१०-५६०९०९